नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

# (जारी मिति: २०७७-०४-०९ गते बिहान ०७ बजे)

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कमला, बागमती, नारायणी र यसका सहायक नदीमा बहाव सामान्य बढ्दो क्रममा छ, पश्चिम राप्ती, बबई, कर्णाली र महाकालीमा बहाव स्थिर छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।

बाढी पूर्वानुमान (Flood Forecast)

पूर्वानुमान आज :: श्रावण-९ (शुक्रबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज नारायणी र यसका सहायक नदीमा बहाव बढ्दो हुने र सतर्कता पुग्न सक्ने तर खतरा भन्दा तलै हुने । कोशी बढ्दो हुने र सतर्कता आसपास हुने । कर्णाली,महाकाली र यसका सहायक नदीमा बहाव केहि घटबढ हुने र सतर्कता तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबईमा बहाव बढ्दो हुने र सबैमा बहाव सतर्कता तलै हुने पूर्वानुमान छ । कन्काई, कमला,बागमती,पश्चिम राप्ती, तिनाउका केहि सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता आसपास पुग्न सक्ने।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सर्लाही, रौतहट,बारा,सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, गोरखा, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की , पर्वत, म्याग्दी, चितवन, नवलपरासी, गुल्मी, पाल्पा, रोल्पा, प्यूठान, रुकुम, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर, डडेलधुरा र आसपास भई बहने केहि स- साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ ।

पूर्वानुमान भोलि : श्रावण-१० (शनिबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- भोलि पनि कोशी ,नारायणी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तर सतर्कता तह आसपास नै हुने पूर्वानुमान छ । कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई, लगायतमा पनि बहाव बढ्ने र सतर्कता तलै हुने पूर्वानुमान छ । भोली कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती र बबईका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ ।
- भोलि सबै प्रदेशका मध्यपहाडी, चुरे र तराईबाट बहने स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई केहिमा आकस्मिक बहाव हुने संभावना रहेको छ ।

पूर्वानुमान पर्सी : श्रावण-११ (आईतबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी,नारायणी र यसका सहायक नदीमा बहाव केहि बढ्ने र सतर्कता तह भन्दा तलै हुने । कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी कन्काई,कमला,बागमती,पश्चिम राप्ती,बबई र यसका सहायक नदीमा बहाव बढ्दो हुने र सतर्कता भन्दा तलै हुने। कन्काई, कमला, बागमतीका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ ।
- पर्सी प्रदेश १, बागमती र प्रदेश ५ भई बहने स-साना नदीहरूमा बहाव बढ्ने र अन्य प्रदेश भई बहने साना नदीमा बहाव सामान्य घटबढ हुने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।

सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन कोशी, नारायणी र यसका सहायक नदीमा केहि घटबढ हुने तर सतर्कता आसपास नै हुने पूर्वानुमान रहेकाले तटिय क्षेत्रका कार्यमा उच्च सतर्कता अपनाऔ । आगामी ३ दिन कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो हुने तर सतर्कता आसपास भन्दा केहि मात्र तल हुने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा सतर्कता अपनाईराखौ ।
- आगामी ३ दिन कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्ती, बबईका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता आसपास सम्म पुग्न सक्ने पुर्वानुमान रहेकाले साना नदीतटिय क्षेत्रमा सतर्क रहौ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सर्लाही, रौतहट,बारा,सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, गोरखा, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की , पर्वत, म्याग्दी, चितवन, नवलपरासी, गुल्मी, पाल्पा, रोल्पा, प्यूठान, रुकुम, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर, डडेलधुरा र आसपास भई बहने साना नदीमा आकस्मिक बहावको न्यून संभावना न्यून संभावना रहेकोले सतर्कता अपनाईराखौ ।
- (*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
**मौसम पूर्वानुमान बुलेटिन** (Weather Forecast Bulletin)
(जारी मितिः २०७७-०४-०९, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**

देशभर मनसुनी वायुको प्रभाव छ। साथै मनसुनी न्युन चापीय रेखा पश्चिमी भू-भागमा नेपालबाट दक्षिण सरेको छ भने पूर्वी भू-भागमा नेपाल नजिक रहेको अवस्था छ।

**हालको मौसमको अवस्था (Present Weather Status):**

देशभर सामान्य बदली रही प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५का केही स्थानहरुमा वर्षा भईरहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**साउन ९ गते (शुक्रबार)**

**दिउँसोः** देशभर सामान्य बदली रही केही स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५का एक वा दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**रातीः** देशभर सामान्य बदली रही केही स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । **प्रदेश १, गण्डकी प्रदेश, प्रदेश ५ र** सुदुरपश्चिम प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**साउन १० गते (शनिबार)**

**दिउँसोः** देशभर सामान्य बदली रही केही स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। **बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश** ५का एक वा दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**रातीः** देशभर सामान्य बदली रही केही स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । **प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश** र प्रदेश ५का एक वा दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ।

**साउन ११ गते (आइतबार)**

**दिउँसोः** देशभर आंशिक देखि सामान्य बदली रही केही स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ।


**रातीः** देशभर आंशिक देखि सामान्य बदली रही केही स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):**


देशका केही स्थानहरुमा हल्का देखि मध्यम वर्षा हुनेछ । प्रदेश १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५ र सुदुरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेकोले ती स्थानहरुका नदीमा पानीको बहाव बढ्ने, पहाडी क्षेत्रमा भू-क्षय हुने, पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुबान समेत हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*

4) *NCMWRF Rainfall Product*





*24 Hour Rainfall Forecast Today (9am to 9 am)*




*24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*


5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti（MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*

## *8) GLOFAS forecast*





*नोटः पहेलो रङ भएको स्थानका नदीमा आगामी ५ दिन पछी बहाव बढ्ने र सतर्कता आसपास पुग्न सक्ने संकेत गर्दछ*


Nepal; Basin:Ganges; Station:Chatara;




Nepal; Basin:Ganges; Station:Devghat;




Nepal; Basin:Ganges; Station:Chepang;



*9) Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*





| Dates | 7-22 | 7-23 | 7-24 | 7-25 | 7-26 | 7-27 | 7-28 | 7-29 | 7-30 | 7-31 | 8-01 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Percent Exceedance (2-yr) | 102 | 102 | 94 | 39 | 10 | 2 | 22 | 59 | 65 | 51 | 33 |
| Percent Exceedance (10-yr) | 31 | 49 | 25 | 4 | 0 | 0 | 0 | 24 | 31 | 29 | 18 |
| Percent Exceedance (20-yr) | 4 | 24 | 20 | 2 | 0 | 0 | 0 | 14 | 29 | 24 | 12 |

*बागमती नदीको बाढी पूर्वानुमान । आजबाट बागमतीमा बहाव घट्ने संकेत गर्छ ।*


*10) Regional Floodoutlook –Ganges-Brahmaputra Basin*

**[m3/s] 1008 Devghat/Narayani**




| Time | Discharge |
|---|---|
| Jul 24 05:00 | 7161.67 |
| Jul 24 06:00 | 7200.34 |
| Jul 24 07:00 | 7201.92 |
| Jul 24 08:00 | 7195.44 |
| Jul 24 09:00 | 7180.12 |
| Jul 24 10:00 | 7163.25 |
| Jul 24 11:00 | 7147.98 |
| Jul 24 14:00 | 7110.44 |
| Jul 24 17:00 | 7056.48 |
| Jul 24 23:00 | 6999.62 |
| Jul 25 05:00 | 6936.15 |
| Jul 25 17:00 | 6826.75 |
| Jul 26 05:00 | 6748.17 |
| Jul 26 17:00 | 6681 |
| Jul 27 05:00 | 6505.93 |


**[m3/s] 1006 Chisapani/Karnali**




| Time | Discharge |
|---|---|
| Jul 24 05:00 | 2898.83 |
| Jul 24 06:00 | 2885.05 |
| Jul 24 07:00 | 2872.25 |
| Jul 24 08:00 | 2860.41 |
| Jul 24 09:00 | 2848.17 |
| Jul 24 10:00 | 2835.67 |
| Jul 24 11:00 | 2823.24 |
| Jul 24 14:00 | 2789.55 |
| Jul 24 17:00 | 2768.1 |
| Jul 24 23:00 | 2767.95 |
| Jul 25 05:00 | 2730.7 |
| Jul 25 17:00 | 2682.01 |
| Jul 26 05:00 | 2718.89 |
| Jul 26 17:00 | 2767.15 |
| Jul 27 05:00 | 2837.3 |

*11) SouthAsia Flash Flood Guidance System (Nepal)*


नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**जल तथा मौसम विज्ञान विभाग**
**बाढी पूर्वानुमान महाशाखा**




*Rainfall Forecast for 24 Hour (आगामी २४ घण्टा (विहान ६- विहान ६)को बर्षाको पुर्वानुमान)*

*12) Other Global Flood Forecasts*

*13) Satellite Cloud Picture*




*14) Etc...*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: www.hydrology.gov.np लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल–फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।